**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 6, Volume 6, Issue 1, October 2024
Published by Sotang Public Campus

# पूर्वीय दार्शनिक धरातलमा जैन दर्शन

**डम्बरबहादुर पुन १**

**डा. दावा शेर्पा २**

*Article History : Submitted 16 Jan. 2024; Reviewed 13 Feb. 2024; Accepted 25 March 2024*
*Authors : Dambarbahadur Pun / Dawa Sherpa*
*Email: dambarpun06@gmail.com/sherpadawa2023@gmail.com*
*DOI: https://doi.org/10.3126/sotang.v6i1.72176*

**लेखसार**

*जैन दर्शन प्राचीन दर्शनमध्ये एक हो । यो मानवीय मूल्यमा आधारित दर्शन हो । यस दर्शनले व्यक्तिको जन्म र मृत्युको क्रमबाट मुक्त हुनुपर्ने धारणा राखेको पाइन्छ । सांसारिक विषयबाट व्यक्ति बन्धनमा रहने भएकाले यसबाट मुक्त हुनुपर्ने धारणा यसमा भेटिन्छ । सांसारिक विषयलाई जित्न सक्ने व्यक्ति जिन वा तीर्थङ्करलाई यस दर्शनमा भगवानको स्थान दिएको देखिन्छ । वेदमा उल्लिखत विषय अत्यन्त कर्मकाण्डी मात्र भएको र तीर्थङ्करले दिएको उपदेश नियमसम्मत मान्ने परम्परा यस दर्शनमा पाइन्छ । जैन दर्शनका चौबिस तीर्थङ्करमध्ये पहिलो तीर्थङ्कर ऋषभदेव र अन्तिम तीर्थङ्कर महावीर स्वामीलाई मानेको भेटिन्छ । यस अध्ययनका लागि पुस्तकालयीय कार्य र इन्टरनेटको सहायताबाट सामग्री सङ्कलन गरिएको छ । ती सामग्रीको विश्लेषणका लागि तीर्थङ्करहरूको चर्चाका क्रममा ऐतिहासिक र दार्शनिक पक्षको चर्चाको क्रममा विश्लेषणात्मक विधिको सहायता लिइएको छ । यस दर्शनले जन्म र मृत्युको क्रमबाट मुक्त हुन सम्यक दर्शन, सम्यक ज्ञान र सम्यक चरित्रजस्ता त्रिरत्नको पालना गर्नुपर्ने धारणाको विश्लेषण यस अध्ययनमा गरिएको छ । यहाँ जैन दर्शनका मूल सिद्धान्तहरू अनीश्वरवाद, अनेकान्तवाद, द्रव्य सिद्धान्त, कर्म सिद्धान्त, मोक्ष अवधारणाका साथै जैन जीवन शैलीका बारेमा पनि व्याख्या गरिएको छ । प्रस्तुत जैन दर्शनसम्बन्धी अध्ययनले प्रकाशमा ल्याएका सामग्रीहरूले यस दर्शनको अध्ययन गर्न चाहाने अध्येताहरूलाई विशेष लाभ पुर्‍याउने देखिन्छ ।*

**शब्द कुञ्जी**

तीर्थङ्कर, अनीश्वरवाद, सांसारिक, मोक्ष, अनेकान्त, स्यादवाद

**विषय परिचय**

जीवन र जगतको निष्पक्ष तथा वस्तुनिष्ठ अध्ययन गर्ने शास्त्र दर्शन हो । विज्ञानले पनि यही कुराको अध्ययन गर्ने भएकाले दर्शन र विज्ञान एकअर्काका पूरक देखिन्छन् । दर्शन र विज्ञानको साध्य एउटै भए तापनि साधन भने फरक फरक भएको पाइन्छ । दर्शन अन्तर्ज्ञान शक्तिमा निर्भर भई तर्कमा विश्वास गर्दछ  भने विज्ञान बौद्धिक शक्तिमा निर्भर भई प्रयोगमा विश्वास गर्दछ । कुनै पनि कारण बिना कार्य घटित हुँदैन, भूतकालको उपज वर्तमान हो भने वर्तमानको परिणाम भविष्य हो । यही कारणको खोजी गर्ने काम दर्शनले गर्दछ (नगिना, इ. २००२, पृ. ७) । पूर्वीय दर्शनका क्षेत्रमा नौ प्रकारका दर्शनहरू स्थापित भएको पाइन्छ । तीमध्ये आस्तिक मतअन्तर्गतका हिन्दु षड्दर्शनभित्र सांख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन अनि नास्तिक मतअन्तर्गतका बौद्ध, जैन र चार्वाक दर्शन रहेका छन् । ती दर्शनमध्ये जैन दर्शन >मण (तपस्या) परम्पराबाट विकसित प्राचीन परमाणुवादी वा जीववादी दर्शन हो । यसलाई अहर्त दर्शन पनि भनिन्छ । यो अहिंसावादी र अनीश्वरवादी दर्शन भएर पनि पुनर्जन्ममा विश्वास गर्ने दर्शन हो । यसले वेदको प्रामाणिकतालाई विश्वास गर्दैन । जैन दर्शनको ध्येय आध्यात्मिक अनुभव हो । यसले आफ्नो स्वतन्त्र व्यक्तित्व वा सम्पूर्णताको अनुभव गर्दछ । प्रत्येक आत्माको स्वतन्त्र सत्ता हुन्छ  र यो शक्ति सम्पन्न हुन्छ । आत्मा र परात्मा भिन्न सत्तात्मक तत्त्व होइनन् । अशुद्ध दशामा आत्मा हुन्छ भने त्यही कुरा शुद्ध दशामा परात्मा बन्दछ भन्ने मात्यता जैन दर्शनमा पाइन्छ (मुनि नथमल, इ. २०१७, पृ. १४) । दुर्भावहरू र कर्म शत्रुलाई जित्ने वाला वा विजेतालाई जैन दर्शनमा जिन भनिएको पाइन्छ । यी जिनहरूले सांसारिक विषय प्रति विजय प्राप्त गरेर मुक्ति प्राप्त गर्दछन् भन्ने मान्यता जैन दर्शनमा पाइन्छ । यिनै जिनहरू नै तीर्थङ्करहरू हुन् । समय समयमा संसार चक्रमा फसेका जीवहरूको कल्यानका लागि उपदेश दिन ऋषभदेवदेखि महावीरसम्म २४ जना तीर्थङ्करहरू देखा परेका छन् । यी तीर्थङ्करहरूमा ऋषभदेव, अजितनाथ, सम्भवनाथ, अभिनंदननाथ, सुमतिनाथ, पद्मप्रभ, सुपार्श्वनाथ, चन्द्रप्रभ, सुविधिनाथ, शीतलनाथ, श्रेयांसनाथ, वासुपूज्य, विमलनाथ, अनंतनाथ, धर्मनाथ, शांतिनाथ, कुन्थुनाथ, अरनाथ, मल्लिनाथ, मुनिसुव्रतनाथ, नमिनाथ, नेमिनाथ, पार्श्वनाथ, महावीर रहेका छन् (hi.wikipedia.org/wiki, इ. २०२३) । यी तीथङ्करहरूले जिउँदै मोक्षप्राप्ति गरेको विश्वास जैन धर्मालम्बीमा पाइन्छ । तीर्थङ्कर ऋषभदेवको *वचनामृत* ग्रन्थ नै यस दर्शनको मूल ग्रन्थ हो । अन्तिम तीर्थङ्कर महावीरले वेदको प्रामाणिकताको विरोध गर्दै यो अत्याधिक कर्मकाण्डी र जड् भएकाले झुठो हो भन्ने मान्यता अगाडि सारेका छन् । प्राणी र सांसारिक कर्म अनादि कालदेखि रहँदै आएको पाइन्छ । यही सांसारिक कर्मबाट मुक्त भएमा व्यक्ति भगवान हुने कुरा यस दर्शनमा व्यक्त गरेको पाइन्छ ।

## जैन दर्शनको सैद्धान्तिक पर्याधार

ऋषभदेवको *वचनामृत* ग्रन्थ नै जैन दर्शनको मूल ग्रन्थ हो । दुर्भावहरू र कर्म शत्रुलाई जित्ने वाला वा विजेता जिनहरूका मान्यताहरू जैन दर्शनमा पाइन्छ । समय समयमा संसार चक्रमा फसेका जीवहरूको कल्यानका लागि उपदेश दिन ऋषभदेवदेखि महावीरसम्म २४ जना तीर्थङ्करका नामले चिनिने जिनहरू यस धर्तीमा देखापरेका छन् । वेदको प्रामाणिकतालाई विश्वास नगरी सांसारिक कर्मबाट मुक्त भएमा व्यक्ति भगवान हुने भएकाले सम्यक पुरुषार्थ नै जीवनको लक्ष्य हुर्नुपर्छ भन्ने मान्यता जैन दर्शनको मौलिक मान्यता हो । जैन दर्शनको तत्त्व मीमांसा अनेकान्तवाद हो । यसले हरेक वस्तुका अनन्त गुण हुन्छन् भन्ने मान्यता राख्दछ । यस दर्शनको ज्ञान मीमांसा भनेको स्यादवाद हो । यसले हरेक व्यक्तिले हरेक वस्तुको आंशिक ज्ञान प्राप्त गर्न सक्छ तर तीर्थङ्करहरूले मात्र अनन्त ज्ञान प्राप्त गर्न सक्दछन् भन्ने मान्यता राखेको पाइन्छ । जैन दर्शनका अनुसार संसार द:ुखमय छ, दु:खको कारण पत्ता नपाएर हरेक व्यक्तिले दु:ख पाइरहेको हुन्छ । जीवद्वारा गरिने प्रत्येक कर्महरू नै दु:खको कारण हो । जब कर्म गरिन्छ अनि फलको आशा गरिन्छ, त्यसपछि दु:खको प्रारम्भ हुन्छ । हरेक व्यक्तिहरूले गर्ने कर्महरू प्रारब्ध कर्म (पूर्व जन्मबाट फल प्राप्त कर्म), सञ्चित कर्म (वर्तमानमा फल प्राप्त कर्म) र सञ्चयीमान कर्म (पुनर्जन्ममा फल प्राप्त कर्म) हुन् । यी कर्महरू नै दु:खका कारण हुन् । दु:खबाट मुक्ति पाउन हरेक व्यक्तिले त्रिरत्नको पालना गर्नु पर्छ । जैन दर्शनका अनुसार त्रिरत्न भनेका सम्यक दर्शन, सम्यक ज्ञान र सम्यक चरित्र हुन् (सञ्जय, इ.२०२०) । यी त्रिरत्नको पालनाबाट व्यक्तिले मोक्षप्राप्त गर्न सक्दछ भन्ने मान्यता राखेको पाइन्छ ।

अन्तिम तीर्थङ्कर महावीरले वेदको प्रामाणिकताको विरोध गर्दै यो अत्याधिक कर्मकाण्डी र जड भएकाले झुठो हो भन्ने मान्यता अगाडि सारेका छन् । प्राणी र सांसारिक कर्म अनादि कालदेखि रहँदै आएको पाइन्छ । यही सांसारिक कर्मबाट मुक्त भएमा व्यक्ति भगवान हुने कुरा यस दर्शनमा व्यक्त गरेको पाइन्छ । यही सम्यक पुरुषार्थ नै जैन दर्शनको मौलिक मान्यता हो । अन्तिम तीर्थङ्कर महावीर स्वामीको शिष्य परम्परामा शिष्यहरूले संघको कार्य सुचारु गरेका थिए । शिष्यमध्येका लोकप्रिय शिष्य भद्रवाहु थिए । उनीले यस संघको नेतृत्त्व गरेका थिए । भद्रवाहु नभएको मौका छोपेर अर्का शिष्य स्थूलभद्रले वस्त्र पहिरनको प्रारम्भका साथै जैनको अङ्गग्रन्थको नयाँ ढङ्गले सङ्ग्रह गरेका थिए । यसपछि जैन संघका दुई दल भए, एउटा स्थूलभद्रको नेतृत्त्वमा श्वेताम्बर (सेतोवस्त्र पहिरिने) र अर्को भद्रवाहुको नेतृत्त्वमा दिगम्बर (निर्वस्त्र धारी) (पौड्याल, २०७५, पृ. ६१) । भद्रवाहु र स्थूलभद्रको देहवसानपछि जैन दर्शनका अनेक शाखा र उपशाखाहरू देखा परे । ती शाखाहरूमध्ये मूलसंघ, काष्ठासंघ, तेरापन्थ, थापनीयसंघ, गौडसंघ, मयूरसंघ, नन्दीसंघ, निर्गन्धिसंघ, कूर्चकसंघ, वीरसेनाचार्यसंघ, पुन्नाटसंघ, बलातकारसंघ, सनान्व, तापगच्छ, सरस्वतीगच्छ, बागडगच्छ र लाटबागडगच्छ प्रमुख शाखाका रूपमा रहेका छन् (पौड्याल, २०७५, पृ. ६१) । यसरी जैन दर्शन सशक्त रूपमा अगाडि बढेको देखिन्छ । जैन दर्शनका प्रमुख दार्शनिकहरू आचार्य कुन्दकुन्द, उमास्वाति, स्वामी समन्तभद्र, वादिराज, आचार्य अमितगति, मल्लिषेण, ज्ञानभूषण आदि हुन् । यी दार्शनिकहरूले जैन दर्शको विषयमा व्यापक चर्चा गरेको पाइन्छ । उमास्वातिको तत्त्वार्थसूत्र जैन

दर्शनको महत्त्वपूर्ण ग्रन्थ हो । जैन दर्शनको अन्तिम लक्ष्य मोक्ष प्राप्ति हो । कुनै पनि वस्तुमा स्थिरता र विनासको अवस्था रहन्छ । प्रत्येक वस्तु न त नित्य रहन्छ, न त अनित्य नै रहन्छ । यसमा नित्य र अनित्यको सत्ता विद्यमान रहेको हुन्छ । बन्धनको हेतु तृष्णा (आस्रव) हो । त्यसको निरोध संयम (संवर) बाट मोक्ष प्राप्ति गर्न सकिन्छ । यसमा मोक्ष साधनाको त्रिरत्नका रूपमा सम्यक ज्ञान, सम्यक दर्शन र सम्यक चरित्रलाई मानिएको पाइन्छ । दान, अहिंसा, अस्तेय, ब्रह्मचार्य, त्याग आदि यस दर्शनका व्यावहारिक उद्देश्य हुन् । यस दर्शनले पवित्रता, सच्चरित्रता र अहिंसामा विशेष जोड दिन्छ । जैन दर्शनका अनुसार परमाणु अनादि, अनन्त, नित्य र अमूर्त छन् । पृथ्वी, तेज, जल आदि उनै परमाणुहरूका रूपान्तरण हुन् । संयमको अभ्यासबाट संसारिक विषय परमाणुबाट मुक्त भएर निर्जराको अवस्थामा पुगेपछि मोक्ष लाभ गर्न सकिन्छ । यस अवस्थामा व्यक्तिले अनन्त ज्ञान, अनन्त दर्शन, अनन्त शान्ति आर्जन गर्दछ । जैनहरूका अनुसार ज्ञानका पाँच श्रेणीहरू छन्, ती हुन्- मतिज्ञान (मन, इन्द्रिय, स्मृति, प्रत्यभिज्ञा), श्रुतिज्ञान (सङ्केत), अवधिज्ञान (प्रत्यक्षीकरण), मनः पर्यज्ञान र केवलज्ञान (जीवमुक्त) (पौड्याल, २०७५, पृ. ६३) । यसका साथै वेदलाई प्रमाण नमान्ने वा ईश्वरीय सत्तालाई स्वीकार नगर्ने अनीश्वरवाद र सत्य अनन्त भएकाले अनन्त सत्यभित्रको आंशिक सत्यको खोजी गर्ने स्याद्‌वादका सम्बन्धमा जैन दर्शनका मौलिक मान्यताहरू रहेका छन् ।

## अध्ययन विधि

यस अध्ययनको समुच्चय पूर्वीय समाज र चर जैन दर्शनको अध्ययन हो । यममा जैन दर्शनको सैद्धान्तिक अध्ययन गरिएकाले मूलतः यो गुणात्मक अध्ययन हो । यसका लागि आवश्यक सामग्री सङ्कलनका लागि पुस्तकालयीय कार्य र इन्टरनेटको उपयोग गरिएको छ । यसरी प्राप्त गरिएका जैन दर्शनसँग सम्बन्धित विषयका सामग्रीको विश्लेषण गर्ने काम यस अध्ययनमा गरिएको छ । यसका लागि निर्धारित सिद्धान्त जैन दर्शनका आधारमा सङ्कलित सामग्रीको विश्लेषण गरिएकाले यहाँ विश्लेषणात्मक विधिको उपयोग गरिएको प्रस्ट हुन्छ ।

## परिणाम र छलफल

पूर्वीय नास्तिक दर्शनको रूपमा विकसित जैन दर्शनका मान्यताहरूको विश्लेषण गर्नु यस अध्ययनको परिणाम हो । जैन दर्शनका अनुसार संसारमा दुःख छ, दुःखको मूल कारण कर्म हो । व्यक्तिले जन्मदेखि मृत्यु नहुन्जेलसम्म अनेक प्रकारका कर्महरू गर्ने गर्दछ । जीवले गर्ने प्रारब्ध कर्म, संचित कर्म र संचयीमान कर्मबाट मुक्तिका लागि त्रिरत्नको पालना गर्नुपर्ने हुन्छ । त्रिरत्नअन्तर्गत सम्यक दर्शन, सम्यक ज्ञान र सम्यक चरित्र पर्दछन् । यी त्रिरत्नका साथै जैन सिद्धान्त र जैन जीवन शैलीको छलफल गर्ने काम यस अध्ययनमा गरिएको छ ।

**त्रिरत्नको पालना :**

जीवले जन्मदेखि मृत्युपर्यन्त गर्ने कर्मका कारण दु:ख पाउने गर्दछ । जन्म मृत्युको चक्रबाट मुक्ति पाउन उसले अनेक नियमको पालना गर्नुपर्ने हुन्छ । जैन दर्शनमा यसप्रकारका नियमको पालनालाई त्रिरत्न भन्ने गरेको देखिन्छ । त्रिरत्नका रूपमा रहेका सम्यक दर्शन, सम्यक ज्ञान र सम्यक चरित्र जैन दर्शनका महत्त्वपूर्ण आधार स्तम्भ हुन् । यस दर्शनका उल्लेख भएका यी त्रिरत्नको चर्चा निम्नानुसार गरिन्छ-

**सम्यक दर्शन :**

सम्यक दर्शन भनेको सत्यप्रति श्रद्धाको भाव राख्नु हो । सम्यक दर्शनमा जीव र अजीवको अध्ययन गरिन्छ । जीव भनेको चेतन तत्त्व अर्थात् चेतना हो । यसलाई आत्मा पनि भनिन्छ । यसको गुण ज्ञान प्राप्त गर्नु हो । यसको कुनै आकार, प्रकार वा स्वरूप हुँदैन । अजीव भनेको जड तत्त्व हो । यो पञ्च तत्त्वमा आधारित हुन्छ । पञ्च तत्त्व भनेका धर्म (गति), अधर्म (विश्राम), आकाश (अन्तरीक्ष), काल (समय) र पुद्‌गल (पदार्थ) हुन् । चेतना र जड मिश्रणबाट सृष्टिको निर्माण हुन्छ । सम्यक दर्शनका माध्यमबाट व्यक्ति सम्यक ज्ञानतर्फ प्रवेश गर्दछ । दु:खका विभिन्न कारणहरू छन् । दु:खको प्रारम्भ र यसबाट मुक्त हुने विभिन्न चरणहरू छन् । पहिलो चरण आश्रव हो । आश्रव भनेको जीव कर्मतर्फ प्रवाह हुनु हो । यस समयमा व्यक्तिले कर्मको प्रारम्भ गर्दछ । दोस्रो चरण बन्धन हो । बन्धन भनेको जीव कर्मसँग बाँधिनु हो । यस समयमा व्यक्तिले कर्मबाट फलको अपेक्षा गर्दछ । तेस्रो चरण संवर हो । संवर भनेको जीवलाई कर्मतर्फको प्रवाह रोक्नु हो । यहाँ दुई किसिमका कर्महरू (सञ्चित कर्म र सञ्चयीमान कर्म) पूर्ण रूपमा बन्द गरिन्छ । यस समयमा व्यक्तिले सन्यास लिने गर्दछ । यसको चौथो चरण निर्जराको अवस्था हो । निर्जरा भनेको पूर्व सञ्चित कर्मको समाप्त हुनु हो । यस समयमा व्यक्ति संसारिक विषयबाट पूर्ण रूपमा मुक्त भएको अवस्था हो । यसको पाँचौ चरण निर्वाण वा मोक्ष प्राप्तिको अवस्था हो । निर्वाण भनेको जीव कर्मबाट पूर्ण रूपमा मुक्त भई जीव मुक्तिको अवस्था हो । यस अवस्थामा व्यक्तिले अनन्त चतुष्ट्य प्राप्त गर्दछ । अनन्त चतुष्ट्य भनेका अनन्त ज्ञान, अनन्त सुख, अनन्त वीर्य र अनन्त दर्शन हुन् । यस प्रकारको अनन्त ज्ञान तीर्थङ्करले मात्र प्राप्त गर्दछन् । उनीहरूले मात्र अनन्त चतुष्ट्य प्राप्त गर्दछन् ( सञ्जय, इ.२०२०) । यसरी त्रिरत्नको पहिलो रत्नका रूपमा रहेको सम्यक दर्शनको पालनाबाट जीवलाई मोक्ष प्राप्तितर्फ सशक्त बनाउँछ भन्ने धारणा जैन दर्शनमा पाइन्छ ।

**सम्यक ज्ञान :**

सम्यक ज्ञान भनेको जीव र अजीवको सम्बन्धको पूर्ण ज्ञान हो । जीनले मात्र यसप्रकारको ज्ञान प्राप्त गर्न सक्दछन् । यो ज्ञान दुई प्रकारको हुन्छ, प्रमाण ज्ञान र नय (आंशिक) ज्ञान । तथ्य वा प्रमाणबाट प्राप्त पूर्ण ज्ञान प्रमाण ज्ञान हो भने नय ज्ञान भनेको आंशिक ज्ञान हो । ज्ञान प्राप्त गरिने प्रमाणहरूका बारेमा जैन दर्शनमा चर्चा गरेको पाइन्छ । यी मध्ये पहिलो प्रमाण हो प्रत्यक्ष प्रमाण । प्रत्यक्ष प्रमाण भनेको इन्द्रियजन्य ज्ञान हो । पाँच इन्द्रियबाट प्राप्त ज्ञानलाई प्रत्यक्ष प्रमाण भनिन्छ । दोस्रो प्रमाण हो अनुमान

प्रमाण । अनुमान प्रमाण भनेको अनुभवका आधारमा निकालिने निष्कर्ष हो । धुँवा भएको ठाउँमा आगो भएको निष्कर्ष निकाल्नु अनुमान प्रमाण हो । तेस्रो प्रमाण हो शब्द प्रमाण । शब्द प्रमाण भनेको आदर्श पुरुष वा महत्त्वपूर्ण व्यक्तिको वाणीलाई आधार मान्नु हो । यसमा चर्चित दार्शनिक वा व्यक्तित्त्वका वाणीहरू पर्दछन् (सञ्जय, इ.२०२०) । लालारामजी शास्त्रीले *जैन दर्शन* कृतिमा सम्यक ज्ञान चार प्रकारका भएको र यिनलाई चार वेद पनि भन्ने गरेको कुरा उल्लेख गरेका छन् । उनले तीर्थङ्कर वा चक्रवर्ती महापुरुषको जीवन चरित्रबाट प्राप्त ज्ञानलाई प्रथमानुयोग ज्ञान भनेका छन् । यसै गरी लोक, परलोक, उर्ध्वलोक, मध्यलोक, अधोलोक र स्वर्ग-नरक, मानव-देवताको गतिको ज्ञानलाई करणानुयोग ज्ञान, मुनि वा श्रावकको आचरण वा व्रतको निरूपण गर्ने ज्ञानलाई चरणानुयोग ज्ञान र तत्त्व, पदार्थ वा द्रव्यको स्वरूपको निरूपण गर्ने ज्ञानलाई द्रव्यानुयोग ज्ञान भनेर चर्चा गरेका छन् । यसै गरी जैन दर्शनमा ज्ञानलाई पाँच भागमा राखेर चर्चा गरेको कुरासमेत उनले उल्लेख गरेका छन् । यसअन्तर्गत मतिज्ञान भनेर इन्द्रियजन्य ज्ञान, श्रुतज्ञान भनेर हृदयजन्यज्ञान, अवधिज्ञान भनेर आत्माद्वारा मूर्त पदार्थको प्रत्यक्षज्ञान, मन:पर्ययज्ञान भनेर आत्माद्वारा मूर्त पदार्थ तर अन्य जीवको अर्न्तमनको ज्ञान र केवलज्ञान भनेर आत्माद्वारा समस्त पदार्थको ज्ञान अर्थात् जीनद्वारा प्राप्त ज्ञानको उल्लेख गरेको देखिन्छ (शास्त्री, श्री वीर नि. संवत २४४८, पृपृ. ३३/३४) । नय ज्ञान भनेको आंशिक ज्ञानको प्राप्ति हो । यसैबाट स्यादवादी सिद्धान्तको उत्पत्ति भएको हो, जसलाई सप्तभङ्गी न्याय पनि भनिन्छ । स्यादवाद भनेको विभिन्न सम्भावनाको परीक्षण गर्ने विधि हो । हामीसँग भएको सीमित ज्ञान वा सापेक्ष ज्ञानबाट असीमित वा निरपेक्ष ज्ञान प्राप्त गर्न सकिँदैन । सत्य अनन्त भएकाले अनन्त सत्यभित्रको आंशिक सत्यको खोजी गर्नु स्यादवाद हो । अनन्त सत्यको दर्शनका लागि सम्यक दर्शनको आवश्यकता पर्दछ । सम्यक दर्शनबाट मात्र विगत, आगत र वर्तमानको दर्शन गर्न सकिन्छ भन्ने मान्यता जैन दर्शनमा पाइन्छ ।

**सम्यक चरित्र :**

सम्यक चरित्र भनेको जैन दर्शनका नियमहरूको पालना गर्नु हो । सम्पूर्ण राग, द्वेष र मोहबाट मुक्ति पाउन गरिने पापमोचन कार्य नै सम्यक चरित्र हो अर्थात् पापबाट मुक्ति पाउन पालना गरिने आचारणलाई सम्यक चरित्र भनिन्छ । राग, द्वेषबाट संसारमा पापकर्म हुने भएकाले राग, द्वेषबाट मुक्त हुनासाथ पापबाट स्वत: मुक्त भइन्छ । राग, द्वेष, मोहबाट एकदमै टाढा रहनु जैनहरूको परम् कर्तव्य हो । उनीहरूका अनुसार सम्यक चरित्र बिना मोक्ष प्राप्ति गर्न सकिँदैन । जैन धर्ममा जैन भिक्षु र श्रावक, श्राविका गरी दुई प्रकारका समर्थकहरू रहेको पाइन्छ । यसैका आधारमा सम्यक चरित्र पनि दुई भेदहरू पाइन्छन् । मन, वचन, कृत कारितबाट अनुमोदित भई पापको त्याग गर्नु पूर्ण वा सकल सम्यक चरित्र हो । यो भिक्षु, सन्यासी, मुनि वा साधुले पालना गरेको पाइन्छ । यसै गरी मन, वचन, कृत कारितबाट अनुमोदनाको सङ्ख्याभन्दा कम सङ्ख्यामा पापको त्याग गर्नु विकल वा एकदेश सम्यक चरित्र हो । यो श्रावक श्राविका वा गृहस्थ जैनले पालना गरेको देखिन्छ (शास्त्री, श्री वीर नि. संवत २४४८, पृपृ. ४०/४१) । जैन भिक्षुहरू गृहस्थ जीवनबाट पूर्ण रूपमा मुक्त भएका हुन्छन् । यिनीहरूले पञ्च महाव्रत सत्य

(साँचो बोल्ने), अहिंसा (काटमार नगर्ने), अस्तेय (चोरी नगर्ने), परिग्रह (धन सञ्चय नगर्ने) र व्रह्मचर्य (गृहस्थ मुक्त)को कठोरतम रूपमा नियम पालना गर्दछन् । श्रावक, श्राविकाहरू भने गृहस्थ जीवनमा जैन धर्मका नियमहरूको पालना गरेका हुन्छन् । यिनीहरूले पञ्च अणुव्रत सत्य, अहिंसा, अस्तेय, परिग्रह र व्रह्मचर्यको सरल रूपमा नियम पालना गर्दछन् । भिक्षुले पालना गर्नुपर्ने अहिंसासम्बन्धी कठोर नियमहरू यस प्रकार छन्, भाषा समिति (अरूलाई दु:ख वा पीडा हुने खालको खराब नबोल्ने), इर्या समिति (बाटोमा हिँड्दा कुनै पनि जीवको हत्या नगर्ने), एष्णा समिति (स्वार्थ रहित वा दोष मुक्त दान गर्ने), आदान समिति (वस्तुको आदान प्रदानमा जीव हत्या नगर्ने), उत्सर्ग समिति (दिशा पिसाव गर्दा पनि कुनै पनि जीवको हत्या नगर्ने) ।

**जैन दर्शनको मूल सिद्धान्त :**

वेदको प्रामाणिकता अस्वीकार गर्ने र ईश्वरीय सत्ता नमान्ने नास्तिकवादी दर्शन जैन दर्शन हो । राग, द्वेष, मोह आदि विकार तत्त्वमाथि विजय प्राप्त गरेर भगवानको रूप जिन वा तीर्थङ्कर बन्न सकिने धारणा यस दर्शनमा पाइन्छ । ऋषभदेवदेखि महावीरसम्मका तीर्थङ्करहरूले जैन दर्शनका सम्बन्धमा महत्त्वपूर्ण पाँच सिद्धान्तहरूको चर्चा गरेको देखिन्छ । यिनै जैन दर्शनका मूल सिद्धान्तहरूको निम्नानुसार विश्लेषण गरिन्छ-

**अनीश्वरवादी दर्शन :**

जैन दर्शनले वेदको सत्ता र ईश्वरको अस्तित्त्वलाई स्वीकार गर्दैन । यस दर्शनका अनुसार सृष्टिको निर्माण ईश्वरबाट नभई प्राकृतिक तत्त्वको निश्चित नियमअनुसार भएको हो । ब्राह्मण परम्परामा कर्मकाण्डका माध्यमबाट भगवानको प्राप्ति गर्न सकिन्छ र भगवानले व्यक्तिले प्राप्त गर्न चाहेको वस्तु उपलब्ध गराउँछन् भन्ने मान्यता पाइन्छ भने श्रमण परम्परामा आफूले प्राप्त गर्न चाहेको वस्तु भगवानबाट नभई आफ्नो कर्मबाट प्राप्त गर्न सकिन्छ अर्थात् कर्मबाट नै व्यक्ति आफैँ भगवान बन्दछ भन्ने मान्यता जैन दर्शनमा पाइन्छ । यस दर्शनका अनुसार हरेक व्यक्ति कर्म साधनाबाट जीन  वा तीर्थङ्कर बन्न सक्दछ । यिनै तीर्थङ्करहरू नै भगवान हुन् । कर्म साधना भन्नाले आन्तरिक शत्रु काम, क्रोध, लोभ मोह र मत्थरलाई जित्न सक्नु पर्छ । आन्तरिक शत्रुलाई विजय प्राप्त गर्न सकेपछि वाह्य शत्रुको सामना नै गर्नु पर्दैन (सिन्हा, इ.२०१८) । तीर्थङ्करहरूले मात्र यसप्रकारको कर्म साधना गर्न सक्ने भएकाले उनीहरूले मात्र मोक्ष प्राप्त गर्न सक्छन् भन्ने विश्वास जैन दर्शनमा पाइन्छ ।

**अनेकान्तवादी दर्शन :**

यस दर्शनको महत्त्वपूर्ण सिद्धान्त अनेकान्तवाद हो । एउटा वस्तुलाई अनेक कोणबाट अध्ययन गरी सत्य र असत्यको माध्यमबाट अन्तिम सत्यमा पुग्नुपर्छ भन्ने मान्यता अनेकान्तवादमा पाइन्छ । यसले कुनै वस्तुलाई अनेक दृष्टिकोणबाट हेर्ने गर्दछ । इन्द्रियजन्य ज्ञान अन्तिम सत्य नभई सापेक्षित सत्य मात्र सत्य हुन्छ भन्ने मान्यता अनेकान्तवादले राख्दछ । चार अन्धा मान्छेमध्ये हात्तीको खुट्टामा बस्नेले हात्तीलाई खम्बा

जस्तो, कानमा बस्नेले सुपो जस्तो, सुँढमा बस्नेले अजिङ्गर जस्तो र पुच्छरमा बस्नेले डोरी जस्तो देख्नु सापेक्षित सत्य हो । यो वास्तविक सत्य होइन । त्यसैले हरेक कुरालाई सत्य र असत्यको कोणबाट अन्तिम सत्यमा पुग्नुपर्छ भन्ने मान्यता यस वादले राख्दछ (सिन्हा एच.एस., इ. २०१८) । जैन दर्शनका अनुसार संसारमा अनेक प्रकारका वस्तुहरू छन् । प्रत्येक वस्तुको अनन्त धर्म हुन्छ । जीवको निवास प्राणी र वनस्पतीमा मात्र नभएर धातु र पत्थरमा समेत हुने कुरा जैन दर्शनमा पाइन्छ । यस दर्शनमा जति प्रकारका जीव छन्, त्यति नै प्रकारका आत्मा हुन्छन् भन्ने मान्यता पाइन्छ ।

**द्रव्य अवधारणा :**

द्रव्य भनेको गुण र पर्याय हो । गुण स्वरूप धर्म हो भने पर्याय आगन्तुक धर्म हो । यी धर्मका पनि भावात्मक र अभावात्मक गरी दुई भेद पाइन्छन् । स्वरूप धर्मका अभावमा द्रव्यको अस्तित्त्व नै सम्भव हुदैन । द्रव्यका अस्तिकाय र अनस्तिकाय गरी दुई रूप पाइन्छन् । अस्तिकाय मूर्त र अनस्तिकाय अमूर्त द्रव्य हुन्छ । अस्तिकायका पनि जीव र अजीव गरी दुई प्रकारका द्रव्य हुन्छन् । जैन दर्शनका अनुसार संसार जीव र अजीव द्रव्य मिलेर बनेको छ । अजीव द्रव्यका पाँच भेद पाइन्छन्, ती हुन पुद्‌गल, धर्म, अधर्म, आकाश र काल (सञ्जय, इ.२०२०) । जीव अर्थात् आत्मा चेतन तत्त्व हो भने अजीव जड तत्त्व हो । जीवमा प्राण तथा शारीरिक, मानसिक र ऐन्द्रिक शक्ति समावेश भएको हुन्छ । यो अविनाशी र आकार विहीन हुन्छ । जैन दर्शनका अनुसार जीव नित्य एवम् स्वयंप्रकाश हुन्छ । जीव ज्ञाता हुने भएकाले उसले विभिन्न किसिमका ज्ञान प्राप्त गर्न सक्छ । जैन दर्शनमा जीवका पनि संसारी र मुक्त गरी दुई प्रकारका भेद र संसारीका पनि स्थावर र जंगम दुई प्रकारका भेदहरूको चर्चा गरेको पाइन्छ । मुक्त जीवलाई परमात्मा, ईश्वर, सर्वशक्तिमान, सिद्ध, शुद्ध जीव आदि नामले चिनिन्छ (तातेड, इ. २०२०) । यस बाहेकका सम्पूर्ण जीवहरू संसारी जीव भनेर चिनिन्छ । अविद्याका कारण जीव बन्धनमा बाँधिएको हुन्छ । संसारिक विषयको ज्ञान मात्र सबै ज्ञानका विषय होइनन् । उसले प्राप्त गर्ने वास्तविक ज्ञानका विशेषता भनेका अनन्त ज्ञान, अनन्त दर्शन, अनन्त शक्ति र अनन्त सुख हुन् । संसारिक विषयको भोग गरिरहेको अवस्थामा प्राणीहरू यस प्रकारका ज्ञानका विशेषताबाट विलुप्त हुन्छन् । जैन दर्शनले मुक्त जीवात्माले मात्र मोक्ष प्राप्ति गर्न सक्छन् भन्ने मान्यता राखेको पाइन्छ । वद्ध जीवात्मा अर्थात संसारिक विषय भोग गर्ने प्राणीले मोक्ष प्राप्ति गर्न नसक्ने कुरा यस दर्शनमा पाइन्छ ।

**कर्म अवधारणा :**

जैन दर्शनले अनन्त ज्ञान, अनन्त दर्शन, अनन्त शक्ति र अनन्त सुखको स्वामी जीवलाई मानेको देखिन्छ । अज्ञानताका कारण जीवहरू यस प्रकारको शक्तिबाट विलुप्त भएको पाइन्छ । यो सबै कर्मको परिणाम हो । संसारिक माया मोहका कारण जीव संसारिक जीवन चक्रमा फसेको हुन्छ । अज्ञानताका कारण जीवले मोक्ष प्राप्ति गर्न सकेको हुँदैन । त्यसैले कर्मअनुसार जीवले फल प्राप्ति गर्दछ भन्ने मान्यता कर्म अवधारणामा पाइन्छ । जैन दर्शनका अनुसार मूल रूपमा कर्म आठ प्रकारका हुन्छन् । यिनका उपभेद भने १४८ प्रकारका पाइएका छन् (hi.wikipedia.org/wiki, इ. २०२३) । कर्मका आठ प्रकारका भेदमध्ये

घातीया कर्म अन्तर्गत ज्ञानवरण, दर्शनावरण, अन्तराय र मोहनीय अनि अघातीया कर्म अन्तर्गत आयुषा, नाम, गोत्र र वेदनीय पर्दछन् । ज्ञानवरणीय कर्म भनेको ज्ञानको आवृत (छेक्ने काम) गर्ने कर्म भन्ने बुझिन्छ । यसप्रकारको कर्मले बादलले सूर्यबाट निस्कने प्रकाशको आवृत गरे झैँ ज्ञानको आवृत गर्दछ । दर्शनावरणीय कर्म भनेको दर्शन शक्तिमा बाधक बनाउने कर्म हो । द्वारपालले राजाको दर्शनमा बाधा उन्पन्न गरे झैँ यसप्रकारको कर्मले दर्शन शक्तिमा बाधा पुऱ्याएको हुन्छ । अन्तराय कर्म भनेर दान, लाभ, भोग, उपभोग अथवा वीर्य शक्तिमा अवरोध गराउने कर्म भनेर बुझिन्छ । मद्यपानले विवेक शक्तिलाई लुप्त गरे झैँ विवेक शक्तिलाई लुप्त गराउने कर्मलाई मोहनीय कर्म भनिन्छ । यसै गरेर जीवनका विविध गतिविधिमा नियन्त्रण गर्ने कारावास जस्तै कर्म आयुषा कर्म हो । नाम कर्म भनेको चित्रकारले झैँ शरीरको अनेक तरिकाबाट रचना गर्ने कर्म हो । यसले जीवनका विविध गतिविधिमा अनुभव गर्नतर्फ बाध्य बनाउने गर्दछ । गोत्र कर्म भनेको प्रतिष्ठित एवम् अप्रतिष्ठित कुलमा जन्मका कारण गरिने कर्म हो । यसै गरी वेदनीय कर्म भनेर सांसारिक सुखदु:खको अनुभव गर्ने कर्म बुझिन्छ (सुरि र संघवी, इ. १९३९, पृपृ.१९-२१) । यसरी गरिने विभिन्न कर्मले जीवनको गतिलाई निर्धारण गर्दछ ।

**मोक्ष अवधारणा :**

मोक्षप्राप्तिलाई जैन दर्शनले मुख्य लक्ष्य मानेको पाइन्छ । संसारिक विषयबाट मुक्त आ□नो शुद्ध रूपबाट जीव चैतन्य वा स्वयं प्रकाशमान हुन्छ र अरूलाई पनि प्रकाशमान बनाउँछ । अज्ञानताका कारण जब जीव संसारिक विषयको भोग गर्न थाल्दछ, अनि ऊ बन्धनमा पुग्दछ र आजीवन तृष्णा उत्पन्न हुन्छ । जैन दर्शनका अनुसार मोक्ष प्राप्तिका लागि त्रिरत्नको पालना गर्न आवश्यक हुन्छ । यसका लागि पहिलो रत्न संवर हो । संवर भनेको संसारिक विषय प्रतिको सहनशीलता, आत्मसंयम हो । मोक्ष प्राप्तिको दोस्रो रत्न निर्जराको अवस्था हो । निर्जरा भनेको अज्ञानता अर्थात् संसारिक विषयको विस्मृत भई ज्ञान मार्गमा प्रवेष गरेको अवस्था हो । यसको तेस्रो रत्न भनेको कैवल्य प्राप्तिको अवस्था हो । कैवल्य भनेको अज्ञानताबाट पूर्ण रूपमा मुक्त भई ज्ञान प्राप्तिको कर्म रहित अवस्था हो । यो शुद्धता वा मोक्ष प्राप्तिको लागि सफल हुन सक्ने शुद्ध स्वरूपको अवस्था हो (नगीना, इ. २००२, पृ. २३२) । मोक्ष दुई प्रकारको हुन्छ, भाव मोक्ष र द्रव्य मोक्ष । भाव मोक्ष भनेको जीव मुक्ति हो । यो वास्तविक मोक्ष प्राप्तिको अवस्थाभन्दा पहिलेको अवस्था हो । यसमा चार घातीय कर्म ज्ञानावरणीय, दर्शनावरणीय, अन्तराय (प्रगतिको वाधक) र मोहनीयको नाश भएको हुन्छ । यसपछि अघातीय कर्म आयुष कर्म, नाम कर्म, गोत्र कर्म र वेदनीय कर्मको नाश भएको अवस्थालाई द्रव्य मोक्ष भनिन्छ । जैन दर्शनका अनुसार मोक्ष प्राप्ति गर्न बाह्र अनप्रेक्षा अनित्य, अषरण, संसार, एकत्व, अन्यत्व, अशुचि, आस्रव, संवर, निर्जरा, लोक, बोधिदुर्लभत्व, धर्मानुप्रेक्षाबाट मुक्त रहन आवश्यक हुन्छ (hi.wikipedia.org/wiki, इ. २०२३) ।

यसका साथै वसती (फरक लिङ्गको उपस्थितिमा बन्देज), कथा (अश्लिल कुरादेखि टाढा), निषधा (फरक लिङ्ग बसेको स्थानमा ३ घण्टाभन्दा बढि नबस्ने), इन्द्रिय (अनुचित अङ्गको प्रदर्शनमा निषेध), लुडयन्तर (संसारिक विषयका कुरा नसुन्ने), पूर्व क्रीडित भव आलोचना (विगतको विस्मृत वा

पूर्व विस्मृत), प्रणित (भन्टा, घिउ, मह, मासु, रक्सी नखाने), अति मात्र आहार (कम खाना खाने अर्थात् २८/३० गाँस मात्र), विभूषणा (श्रृङ्गारमा निषेध अर्थात् हातबाहेक अन्य कुरा नधुने) जस्ता नियमको पालना पनि मोक्ष प्राप्तिका महत्त्वपूर्ण पक्ष हुन् ।

**जैन जीवन शैली :**

जन्म र मृत्यु जीवनका दुई किनारा हुन् । यसमा व्यक्तिको कुनै पनि नियन्त्रण हुँदैन । कहिले, कहाँ, कसरी जन्म लिने र मृत्युवरण गर्ने भन्ने विषय व्यक्तिको नियन्त्रणभन्दा धेरै टाढाको विषय हो । जन्म र मृत्युको बिचमा रहेको जीवनका सम्बन्धमा भने व्यक्तिको अधिकार रहेको हुन्छ । यस अवधिमा व्यक्तिले आफ्नो इच्छाअनुसार जीवनचर्या व्यतीत गर्न सक्छ । सुन्दर जीवन जिउनका लागि उपयुक्त जीवन शैलीको पालना गर्नु पर्दछ । जीवन शैली भनेको जीवनको व्यवहार वा जीवनको कार्य प्रणाली हो । जैन दर्शनको मुख्य उद्देश्य भावना र इच्छाको नियन्त्रण गर्नु हो । यसका लागि कठोर साधना र तपस्या गर्नुपर्ने हुन्छ । गृहस्थ र सन्यासी दुवै जैनले पालना गर्नुपर्ने जीवन आचारका बारेमा जैन दर्शन प्रस्ट किटान गरेको पाइन्छ । गृहस्थ जीवन शैलीका बारेमा जैन दर्शनले केही निश्चित आचारहरू निर्धारण गरेको देखिन्छ । जैन दर्शनमा गृहस्थ जैनले पालना गर्नु पर्ने जीवन शैलीअन्तर्गत सप्त व्यसनको परिहारको चर्चा गरेको पाइन्छ । सप्त व्यसनभित्र रक्सी नपिउने, मासु नखाने, जुवा नखेल्ने, शिकार नगर्ने, चोरी नगर्ने, वेश्यागमन नगर्ने र परस्त्रीगमन नगर्ने आदि पर्दछन् (श्रमण, इ.२०२०) । यस प्रकारको जीवन शैलीलाई समय सापेक्ष परिवर्तन गर्दै गएको पाइन्छ । आचार्य तुलसीले यस विषयको विशेष चिन्तन गरेर जीवन शैलीका नौ सूत्रको चर्चा गरेको देखिन्छ । उनका अनुसार जीवन शैलीका नौ सूत्रहरू सम्यक दर्शन अर्थात् सही र सकारात्मक दृष्टिकोण, अनेकान्त अर्थात् अनेक दृष्टिकोणबाट सत्यको खोजी गर्नु, अहिंसा अर्थात् सचेत हिंसाको त्याग, समण संस्कृति अर्थात् समानताको भाव (जातीय, क्षेत्रीय, वर्गीय भावना नहुनु), इच्छा परिमाण अर्थात् इच्छाको सीमा निर्धाण, सम्यक आजीविका अर्थात् धोकादारी व्यवसाय, लोक घृणित कार्य र पर्यावरण दुषित गर्ने कार्य नगर्ने, सम्यक संस्कार अर्थात् आदर्श संस्कारको पूर्णपालना, आहार शुद्धि वा व्यसन मुक्ति अर्थात् अनियमित आहार विहार र दुर्व्यसनबाट मुक्त र साधर्मिक वात्सल्य अर्थात् सबैप्रति आत्मीयपूर्ण व्यवहार हुन् (श्रमण, इ.२०२०) । यसप्रकारको जीवन शैलीलाई जैन दर्शनले स्वीकार गरेको पाइन्छ । जीवन शैलीमा गरिने परिवर्तनबाट मोक्ष प्राप्ति गर्न सकिन्छ भन्ने मान्यता यस दर्शनमा व्यक्त गरेको देखिन्छ ।

## निष्कर्ष

श्रमण (तपस्या) परम्पराबाट विकसित प्राचीन परमाणुवादी वा जीववादी दर्शन जैन दर्शन हो । यसलाई अहर्त दर्शन पनि भनिन्छ । यो अहिंसावादी र अनीश्वरवादी दर्शन भएर पनि पुनर्जन्ममा विश्वास गर्ने दर्शन हो । यसले वेदको प्रामाणिकतालाई विश्वास नगर्ने भएकाले यसलाई नास्तिक दर्शन मानिन्छ । सांसारिक विषयका दुर्भावहरू र कर्म शत्रुलाई जित्ने वाला वा विजेतालाई जैन दर्शनमा जिन भनिएको पाइन्छ । यी जिनहरूले सांसारिक विषय प्रति विजय प्राप्त गरेर मुक्ति प्राप्त गर्दछन् भन्ने विश्वास जैन

दर्शनमा पाइन्छ । जैन दर्शनमा यिनै जिनहरूलाई तीर्थङ्कर भनिन्छ । समय समयमा संसार चक्रमा फसेका जीवहरूको कल्यानका लागि उपदेश दिन ऋषभदेवदेखि महावीरसम्म २४ जना तीर्थङ्करहरू देखा परेका छन् । यी तीर्थङ्करहरूले सम्यक दर्शन, सम्यक ज्ञान र सम्यक चरित्रका माध्यमबाट सांसारिक विषय त्यागी मोक्ष प्राप्त गर्न सकिने धारणा प्रस्तुत गरेको पाइन्छ । जैन दर्शनका मूल सिद्धान्तहरू अनीश्वरवाद, अनेकान्तवाद, द्रव्य अवधारणा, कर्म अवधारणा र मोक्ष अवधारणा प्रमुख रूपमा रहेका छन् । जैन दर्शनले मानवीय जीवन शैलीलाई अत्यन्त महत्त्व दिएको देखिन्छ । जैन दर्शनमा गृहस्थ जैनले पालना गर्नु पर्ने जीवन शैलीअन्तर्गत सप्त व्यसनको परिहारको चर्चा गरेको पाइन्छ । सप्त व्यसनभित्र रक्सी नपिउने, मासु नखाने, जुवा नखेल्ने, शिकार नगर्ने, चोरी नगर्ने, वेश्यागमन नगर्ने र परस्त्रीगमन नगर्ने आदि पर्दछन् । आचार्य तुलसीले यस विषयको विशेष चिन्तन गरेर जीवन शैलीका नौ सूत्रको चर्चा गरेको देखिन्छ । उनका अनुसार जीवन शैलीका नौ सूत्रहरू सम्यक दर्शन, अनेकान्त, अहिंसा, समण संस्कृति, इच्छा परिमाण, सम्यक आजीविका, सम्यक संस्कार, आहार शुद्धि, साधर्मिक वात्सल्य हुन् । यसरी सांसारिक विषयबाट मुक्तिका लागि गरिने त्रिरत्नको पालना, जैन अवधारणा र जैन जीवन शैली आदिको विश्लेषण गर्ने काम यस अध्ययनमा गरिएको छ ।

## सन्दर्भ सूची


तातेड, सोहनराज (इ. २०२०, मे ०९). *डे लाइफ* .जैन दर्शन के सिद्धांत. Revised from daylife.page/2020/05/jain-darshan-ke-siddhaant-gTCCgF.html on 15th June 2024.

नगीना साध्वी (इ. २००२).*जैन दर्शनका समीक्षात्मक अनुशीलन.* जैन विश्व भारती ।

पौड्याल, कृष्णविलास (२०७५).पूर्वीय दर्शन. जिनिया एजुकेसन एण्ड रिसर्च प्रा.लि. ।

मुनि नथमल (२०१७).*जैन दर्शन में तत्त्व मीमांसा.* सेठ मन्नालालजी सुराना मेमोरियल ट्रस्ट ।

शास्त्री, लालारामजी (श्री वीर नि. संवत २४४८). *जैन दर्शन.* तेजपाल कालाजैन ।

श्रमण, मुनिकुमार (इ. २०२०, मे, २८).*जैन जीवन शैली.* Revised from youtube.com/watch?v=il96cR_e47c on 23th June 2024.

*सञ्जय* (इ.२०२०, मे ०८).*जैन दर्शन एवं सिद्धांत.* Revised from youtube.com/watch?v=FdmJc6DrdeM on 23th June 2024.

सूरि, देवेन्द्र र सुखलाल संघवी (इ. १९३९).*कर्मग्रन्थ.* जवाहरलाल नाहटा, जैन पुस्तक प्रचारक मण्डल ।

सिन्हा एच.एस.(इ.२०१८, डिसेम्बर १४).*जैन दर्शन एक परिचय.* Revised from youtube.com/watch?v=RAk7IoTe_Nk on 16th June 2024.

hi.wikipedia.org/wiki/(इ. २०२३ सेप्टेम्बर १६).*जैन दर्शन.* Revised from hi.wikipedia.org/wiki/%E0%A4%9C%E0%A5%88%E0%A4%A8_%E0%A4%A6%E0 %A4%B0%E0%A5%8D%E0%A4%B6%E0%A4%A8 on 20th June 2024.